# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको शेयर लिलाम बढाबढ प्रक्रियाद्धारा बिक्री गर्न विद्यमान संस्थापक तथा सर्वसाधारणहरुलाई शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७८/०७/१२**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७८/०७/२३**

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहतर्फको ५,७१,५९८ कित्ता शेयर प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी निर्देशन, २०७७ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (चौथो संशोधन) मा भएको व्यवस्थाको अधिनमा रही संस्थापक समूहको शेयर सोही समूहमा नै रहने गरी लिलाम बढाबढद्वारा बिक्री गर्न यस वित्तीय संस्थाको संचालक समितिको निर्णयबाट स्वीकृति प्राप्त भए बमोजिम उक्त शेयरहरु खरीद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनीहरु तथा अन्य ईच्छुक योग्य व्यक्ति तथा संगठित संस्थाले मिति २०७८/०७/२३ गते अपरान्ह २:०० बजेभित्र बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा खरीद गर्ने हो तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

| लिलाम बढाबढद्धारा बिक्री गरिने धितोपत्रको विवरण : | |
|---|---|
| बिक्रीको लागि प्रस्ताव गरिएको धितोपत्रको विवरण : | ५,७१,५९८ कित्ता (संस्थापक शेयर) |
| प्रस्ताव गरिएको न्यूनतम मूल्य : | प्रति शेयर रू. ४५०/- |

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंबाट रू. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ । आवेदकले फाराम खरीद गर्दा एनएमबि क्यापिटल लिमिटेडबाट छाप लगाएको आवेदन फाराम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको वा फोटोकपी गरी पेश गरिएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिनेछैन ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रू. ४५०/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले शेयर खरीदका लागि एउटा मात्र बोलपत्र मार्फत आवेदन दिनुपर्नेछ । साथै बोलपत्र फाराम लाहाछाप लगाई शिलबन्दी गरिएको हुनुपर्नेछ ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा आफूले कबोल गरेको प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । कबोल गर्ने दर दशमलव पछिको दुई अंक मात्र मान्य हुनेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, मोबाईल नम्बर, आफ्नो खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रूपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

५. संस्थापक शेयर खरीद गर्न ईच्छुक सम्पूर्ण बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण (फोटो सहित), कर्जा सूचना केन्द्र लिमिटेडबाट प्राप्त कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात (२०७८ कार्तिक मसान्तसम्म तीन महिना अवधी कायम रहेको), आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा आ.व. २०७७/०७८ को कर दाखिला गरेको निस्साको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, आफ्नो नाममा वा आफ्नो नाममा रहेको व्यवसायको प्यान नं. का साथै नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गनुपर्नेछ ।

६. बोलपत्र पेश गर्दा **न्यूनतम १,००० कित्ता** वा सो भन्दा बढीको लागि १० ले भाग जाने संख्यामा वा अधिकत्तम सम्पूर्ण कित्ताका लागि आवेदन दिन सकिनेछ । रू. ५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रूपमा आफ्नो प्यान नं. (PAN) आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

७. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा BOID मा भएको विवरण सँग हुबहु मिल्ने गरी पूर्ण रूपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्य तथा शेयर नामसारी गरिलिंदा तिर्नु/बुझाउनु पर्ने ब्रोकेरेज शुल्क, सेबोन कमिशन र डिपोजिटरी दस्तुर समेत गरी हुन आउने सम्पूर्ण रकम मिति २०७८/०७/२३ गतेसम्म तल उल्लेख गरे बमोजिमको बैंक खातामा धरौटी बापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) वा Connect IPS वा IPS मार्फत रकम बुझाइएको भए सो को Transaction Copy संलग्न गर्नुपर्नेछ । Connect IPS वा IPS मार्फत रकम जम्मा गर्दा लाग्ने शुल्क आवेदक स्वंयले नै व्यहोर्नु पर्नेछ ।

| क्र.सं. | बैंक | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | एनएमबि बैंक लिमिटेड* | NMB Capital Limited - Operation | 001005401000042 |

८. आवेदनका साथ देहाएका कागजात संलग्न गर्नुपर्नेछ :

क. आवेदक नेपाली नागरिक भएमा आवेदनका साथ तीनप्रति फोटो, आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा स्नातक तहको प्रमाणपत्रको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात ।

ख. आवेदक नेपालमा दर्ता भएको संगठित संस्था/कम्पनी भएमा कम्पनीको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, प्यान नं., शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि, संस्थाको विगत दुई वर्षको वित्तीय विवरण, संस्था प्रमुख तथा संचालकहरूको कर्जा सूचना केन्द्रबाट प्राप्त कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात (२०७८ कार्तिक मसान्तसम्म तीन महिना अवधी कायम रहेको) तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात ।

९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड - शेयर खरीद आवेदन (संस्थापक समूह)**" उल्लेख भएको हुनुपर्नेछ ।

१०. बोलपत्र मिति २०७८/०७/२३ गते मंगलबार अपरान्ह २:०० बजेभित्र एनएमबि क्यापिटल लिमिटेडमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन । साथै, बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

११. प्राप्त शिलबन्दी बोलपत्रहरू मिति २०७८/०७/२५ गते बिहीबार बिहान १०:०० बजे एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा सोही स्थानमा बोलपत्र खोलिनेछ ।

१२. **बिद्यमान संस्थापकहरुबाट आवेदन प्राप्त भएमा शेयर बाँडफाँड गर्दा निजहरुलाई पहिलो प्राथमिकता दिई शेयर बाँडफाँड गरिनेछ । ततपश्चात् शेयर बाँकी रहन गएमा अन्य व्यक्ति वा संस्थाहरुलाई बाँडफाँडमा सहभागि गराइने छ । यसरी बाँडफाँड गर्दा संस्थापकलाई बाँडफाँड हुने अन्तिम मूल्य भन्दा अन्य व्यक्ति वा संस्थाको अन्तिम मूल्य बढी भए पनि संस्थापकहरुलाई बाँडफाँड गरिने छ ।**

१३. बाँडफाँडमा परेका बोलपत्रदाताहरूमध्ये सम्बन्धित वित्तीय संस्थाको सञ्चालक समितिबाट बाँडफाँडको स्वीकृति प्राप्त भए पश्चात् तथा नेपाल राष्ट्र बैंकको स्वीकृति आवश्यक पर्ने बोलपत्रदाताहरूको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भए पश्चात् बाँडफाँड गरिनेछ । कथंकदाचित नेपाल राष्ट्र बैंकबाट बाँडफाँडका लागि स्वीकृति प्राप्त नभएमा वा माग गरेको शेयरमध्ये आंशिक शेयरका लागि मात्र स्वीकृति प्राप्त भएमा स्वीकृति प्राप्त भए बमोजिमको शेयर बाँडफाँड गरिनेछ । यसरी गरिएको बाँडफाँड बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ । बाँडफाँडको अन्तिम स्वीकृति प्राप्त भए पश्चात् मात्र शेयर नामसारीको प्रकृया गरिनेछ ।

१४. बाँडफाँडमा परेका आवेदक संस्थापक शेयरधनीहरूलाई निजको नाममा बाँडफाँडमा परेको शेयर निजको हितग्राही खातामा जम्मा गर्नका लागि धितोपत्र दलाल (स्टक ब्रोकर) मार्फत कारोबार गराई जम्मा गरिने भएकाले सो कारोबार गर्दा प्रचलित कानून बमोजिम लाग्ने शुल्क तथा कमिशन सम्बन्धित खरीदकर्ताले नै व्यहोर्नुपर्नेछ । बिक्रेताको लागि लाग्ने उपरोक्त शुल्क, कमिशन तथा पूँजीगत लाभ कर भने बिक्रेता स्वयंले नै व्यहोर्नुपर्नेछ ।

१५. माथि बुँदा १३ बमोजिम नियमनकारी निकायको स्वीकृति बमोजिम शेयर बाँडफाँड गर्दा शेयर बाँकी रहन गएमा बाँडफाँडमा नपरेका रितपूर्वकको आवेदन पेश गर्ने बोलपत्रदाताहरूमध्ये प्रति शेयर अधिकतम मूल्य कबोल गर्ने बोलपत्रदाताहरूलाई क्रमशः बाँकी रहेको शेयर नियमनकारी निकायको स्वीकृति लिई बाँडफाँड गर्न सकिनेछ ।

१६. दरखास्त फारामसाथ बुझाएको अन्य शुल्क तथा दस्तुर नपुग भएमा वा केही कारणवश परिवर्तन हुन गएमा सो पुनः माग गर्न कुनै बाधा पर्ने छैन ।

१७. बोलपत्र आवेदनहरूमध्ये बाँडफाँडमा नपरेको आवेदकहरूको बोलकबोल वापत जम्मा भएको रकम अन्तिम बाँडफाँड पश्चात् धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (चौथो संशोधन) मा तोकिएको समयावधिभित्रमा IPS मार्फत आवेदकहरूको बैंक खातामा सोझै फिर्ता भुक्तानी गरिनेछ । साथै, यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१८. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि बाँडफाँडमा परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरिनेछ र बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गर्न सकिनेछ ।

१९. शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा नियमनकारी निकायको राय सुझाव लिई सोही बमोजिम विवादको समाधान गरिनेछ र सो निर्णय खरीदकर्ता तथा बिक्रेता दुबैलाई मान्य हुनुपर्नेछ ।

NMB CAPITAL LIMITED

**बिक्री प्रबन्धकः**

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np, Url: www.nmbcl.com.np